
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क २६१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असोज ११ गते शुक्रबार ❑ 27 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## पर्यटकीय राजधानीको अनुभूति हुनेगरी काम गर्छु : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १० असोज

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पर्यटकीय राजधानी घोषणासँगै पोखराको पर्यटन विकासका लागि सक्दो प्रयास गरिरहेको बताउनुभएको छ।

सामाजिक उत्तरदायित्व अध्ययन केन्द्रको संयोजनमा बिहीबार पोखरामा आयोजित पर्यटन विकासका लागि नवीनतम दृष्टिकोण कार्यशाला गोष्ठीको उद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेशले आफ्नो दोस्रो पञ्चवर्षीय योजनामा पर्यटकीय राजधानीका रूपमा विकास गर्न आफ्ना कार्यक्रम अगाडि ल्याएको जानकारी दिनुभयो।

सीमित स्रोत साधनबीच पनि यहाँका पर्यटकीय गन्तव्यको संरक्षण, विकास र प्रवर्द्धन गर्न बजेट विनियोजन गरिएको जानकारी दिँदै मुख्यमन्त्री पाण्डेले पोखरामा संसारभरिका नागरिकलाईआकर्षितगर्नेथलोका रूपमा विकास गर्ने बताउनुभयो। यहाँ आउने पर्यटकका लागि सडक र हवाई मार्ग सहज बनाउनुका साथै उनीहरू स्वतन्त्र रूपमा घुम्न पाउने वातावरण सरकार र पर्यटन व्यवसायीले बनाउनुपर्नेमा उहाँले



जोड दिनुभयो।

विदेशी पर्यटक ट्रेकिङ, प्राकृतिक सुन्दरता, धार्मिक तथा साहसिक खेलका लागि नेपाल आउने गरेकाले प्रकृतिको धनी पोखरालाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न प्रदेश सरकारले बढीभन्दा बढी बजेट विनियोजन गरेको मुख्यमन्त्री पाण्डेले बताउनुभयो। भारतीय धार्मिक पर्यटकलाई लक्षित गरी नवलपुरको त्रिवेणीदेखि मुस्ताङको मुक्तिनाथ मन्दिरसम्म गौरवको योजनाअन्तर्गत सडक मार्ग निर्माण कार्यलाई अगाडि बढाइएको र गण्डकी प्रदेशबाट सातवटै प्रदेशमा हवाई यातायात सञ्चालन गर्ने तयारी भइरहेको उहाँको भनाइ थियो। त्यसैगरी, पोखराको अन्तर्राष्ट्रिय विमानस्थललाई सञ्चालन गर्न आफैँले विभिन्न देशका प्रतिनिधि र एयरलायन्स कम्पनीसँग कुराकानी गरिरहेको मुख्यमन्त्री पाण्डेले जानकारी दिनुभयो। पर्यटकीय पदमार्ग सडकका कारण लोप हुँदै गएकाले गण्डकी प्रदेश सरकारले कास्कीको माछापुच्छ्रे सर्किटलाई नयाँ पदमार्गका रूपमा विकास गर्न लागेको जानकारी दिँदै उहाँले कास्कीबाट मनाङ जान कास्कीका उत्तर पूर्वी गाउँबाट मनाङ जाने पदमार्गको खोजी भइरहेको बताउनुभयो। पर्यटक लक्षित गरी सबैभन्दा उच्च स्थान मनाङमा हाइअल्टिच्यूट खेलमैदानको निर्माण कार्य प्रदेश सरकारका तर्फबाट भइरहेको मुख्यमन्त्री पाण्डेले बताउनुभयो। पोखरालाई योग शिविरका रूपमा विकास गरी विदेशी पर्यटक तान्न सकिने उहाँको भनाइ छ। गण्डकी प्रदेश सरकारका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले गण्डकी प्रदेश सरकारले पर्यटन नीति बनाएर विदेशी पर्यटक बढीभन्दा बढी भित्र्याउने वातावरण सृजना गर्नुपर्नेमा जोड दिनुभयो। विविधतापूर्ण नेपालमा आउने विदेशी पर्यटकको सङ्ख्या अत्यन्तै न्यून भएकाले भारत र चीनबाट मात्र पर्यटक तान्न सके पनि पोखरामा लाखौँ पर्यटक भित्र्याउन सकिने उहाँको भनाइ छ।

पर्यटनविज्ञ विश्वास गौचनले पर्यटनका लागि सामाजिक उद्यमशीलता र नवप्रवर्तन विषयमा आधारपत्र प्रस्तुत गर्दै पर्यटकीय रूपमा सम्भावना नै सम्भावना रहेको गण्डकी प्रदेशमा स्थानीय उत्पादनलाई पर्यटनसँग जोडेर अगाडि बढ्न जरुरी भएको बताउनुभयो। "विविधतापूर्ण नेपालमा जुन रूपमा विदेशी पर्यटक आउनुपर्ने थियो त्यो सङ्ख्या अत्यन्तै न्यून हो, हामीले पर्यटन विकासका लागि खर्च गरेको रकम पनि सही ठाउँमा नहुँदा पर्यटन क्षेत्रको प्रवर्द्धन हुन सकेको छैन", उहाँले भन्नुभयो।

## प्रथम पर्वतीय दौडमा ३ राष्ट्रका १०४ धावक

**पोखरापत्र संवाददाता**
पोखरा, १० असोज

'खेलपर्यटन प्रवर्द्धनमा पुम्दी-भुम्दी पर्वतीय दौड' नाराका साथका पोखरा क्लिक अनलाइन संचारमाध्यमद्वारा आयोजित प्रथम पर्वतीय दौड प्रतियोगिता-२०८१ को तयारी पूरा भएको छ।

यही असोज १२ गते शनिबार बिहान ७ बजेदेखि सुरु हुने दौड प्रतियोगितामा ३ देश (नेपाल, बेलायत र ब्राजिल) ७१ पुरुष र ३३ महिला धावक गरी १०४ जनाले भाग लिँदैछन्। तीमध्ये सबैभन्दा ज्येष्ठ ५५ वर्षीय पुरुष र ९ वर्षीय बालकले समेत छन्। बिहीबार पत्रकार सम्मेलनमा पोखरा क्लिक प्रालि अध्यक्ष एवं प्रतियोगिता संयोजक दीननाथ बरालले छोटो तयारीबीच आयोजित प्रतियोगितामा सबै जनाको साथ र सहयोगप्रति खुसी व्यक्त गरे। विश्व शान्ति स्तुपदेखि सुरु भई पुम्दीकोट विशाल महादेवको मूर्ति परिक्रमा गरी पोखरा वडा २२ कार्यालय हुँदै बुद्ध पार्क (निगाले डाँडा) सम्म पुगेर टुंगिने ८ किमी उक्त दौड प्रतियोगितामा खुला, महिला, पोखरा २२ वडास्तरीय र यू-१६ गरी ४ इभेन्ट समावेश गरिएको उनले बताए। खुलातर्फ प्रथमलाई २५ हजार, दोस्रोलाई १५ हजार र तेस्रोलाई ७ हजार साथमा ट्रफी र प्रमाणपत्र पुरस्कार प्रदान गरिनेछ। महिला धावक र यू-१६ बालबालिका, पोखरा २२ का वडा धावकमध्ये उत्कृष्ट




एक-एक जनालाई नगद ७ हजारसहित ट्रफी र प्रमाणपत्र प्रदान गरिनेछ। सो अवसरमा पर्यटन उद्यम र समाजसेवा क्षेत्रतर्फबाट विशेष योगदान पुऱ्याएकोमा समाजसेवी तथा उद्यमी चन्द्रकान्त बराल र ब्रिटिस आर्मीका पूर्व लेफ्टिनेन्ट तथा मलेसियाको माउन्ट किनाबालु हाफ म्याराथनमा ह्याट्रिक गर्न सफल अन्तर्राष्ट्रिय धावक कुसान गुरुङलाई 'पोखरा क्लिक विशिष्ट सम्मान' गरिनेछ।

विश्व शान्ति दिवस एवं विश्व पर्यटन दिवस सन्दर्भमा आयोजित प्रतियोगितासँगै पर्यटनको राजधानी पोखराको वडा २२ का प्रमुख पर्यटकीय गन्तव्य विश्व शान्ति स्तुप, पुम्दीकोट विशाल महादेवको मूर्ति र बुद्ध पार्कको प्रचारप्रसार र पोखरा घुम्न आउने पर्यटकको एक दिन भए पनि बसाइँ लम्बिने आयोजकको विश्वास छ। पत्रकार सम्मेलनमा पोखरा २२ का वडाध्यक्ष हिमलाल बरालले दौडका लागि ट्र्याक मर्मत गरिएको बताए। उनले आफ्नो गाउँठाउँमा पोखरा क्लिकले प्रतियोगिता आयोजना गरेकोमा आफ्नै ठानेर सहयोग गरिएको बताए। सो क्रममा नेपाल पत्रकार महासंघ गण्डकी अध्यक्ष गोविन्द सुवेदी, पत्रकार महासंघ कास्कीका कावा अध्यक्ष रामप्रसाद तिमिल्सिना लगायतले बोलेका थिए। पोखरा क्लिक अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा भएको पत्रकार सम्मेलनको संचालन पत्रकार एवं साहित्यकार असफल गौतमले गरेका थिए। प्रतियोगिता सम्पन्न गर्न विभिन्न ९ उपसमिति गठन गरिएको छ।

प्रतियोगिताका लागि विभिन्न संघसंस्था तथा व्यक्ति विशेष सहयोग गरेका छन्। पोखरा महानगरपालिका र नेपाल पर्यटन बोर्ड प्रदेश कार्यालय गण्डकी प्रवर्द्धक रहेको उक्त कार्यक्रममा प्रदेश खेलकुद परिषद् गण्डकी, पोखरा २२ वडा कार्यालय, पोखरा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## अभिभावकमुखी शिक्षालाई प्रभावकारी बनाउन मन्त्री थापाको निर्देशन

**पोखरापत्र संवाददाता**
पोखरा, १० असोज

गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले अभिभावकमुखी शिक्षालाई प्रभावकारी बनाउन निर्देशन दिएका छन्।

शिक्षा विकास निर्देशनालय पोखराले आयोजना गरेको माध्यमिक शिक्षा परीक्षा कक्षा १० को अभिलेख संसोधन र शैक्षिक तथ्याङ्क सम्बन्धी अभिमुखीकरण कार्यक्रममा उनले शिक्षा क्षेत्रमा सुधार ल्याउन अभिभावकमुखी शिक्षालाई जोड गर्नुपर्ने बताएका हुन्। "मन्त्रालयले राखेको अभिभावकमुखी शिक्षा नयाँ कार्यक्रम हो। यसलाई प्रभावकारी बनाउन आवश्यक छ। शैक्षिक क्षेत्रलाई सुदृढिकरण गर्न यस्ता कार्यक्रमले मदत पुग्छ।", उनले भने। मन्त्री थापाले तथ्याङ्कको विश्वसनियतामा शंका नआउने गरी यथार्थपरक तथ्याङ्क उपलब्ध गराउनुपर्ने




आवश्यकतालाई औंल्याएका छन्। उनले तीनै तहको सरकार मिलेर नै शिक्षा क्षेत्रमा सुधार ल्याउन सकिने उल्लेख गरे।

घोकन्ते विद्या भन्दा पनि संस्कारमुखी शिक्षा आजको आवश्यकता रहेको भनाई उनको छ। फलस्वरुप मन्त्रालयले यसपालीको बजेटमा समेत व्यवसायिक र नैतिकवान शिक्षालाई जोड दिएको उनले बताए। फ्राइडे फर फ्यूचर, सिक्दै कमाउँदै, अभिभावक शिक्षा लगायतका कार्यक्रम महत्वपूर्ण रहेको र यसको प्रभावकारी कार्यान्वयनका लागि मन्त्री थापाले सम्बन्धित सबैलाई निर्देशन दिएका छन्। गण्डकी प्रदेश सरकारका प्रमुख सचिव रघुराम विष्टले कक्षा १० का विद्यार्थीको सर्टिफिकेटमा नामथर, जन्ममितिका बारेमा ध्यान दिन आवश्यक रहेको बताए। जसका लागि अभिभावकमुखी शिक्षा प्रभावकारी हुने भनाई उनको छ। सही तथ्याङ्कको आवश्यकतालाई उनले जोड दिएका छन्।

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका निमित्त सचिव तोयानाथ लम्सालले प्रदेश स्तरमा शैक्षिक तथ्याङ्कको विश्वसनियता बढाउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको जानकारी गराए। उनले मन्त्रालयले बिग्रदो, हराउँदो संस्कारलाई परिवर्तन गरि समाज र व्यक्तिलाई सुधार गर्न शिक्षाको क्षेत्रमा नयाँ कार्यक्रम ल्याएको उल्लेख गरे। मन्त्रालय अन्तर्गत प्रदेशका ११ वटै जिल्लाका विभिन्न कार्यालयहरुलाई प्रभावकारी बनाउन साझेदारी मोडलमा बजेट विनियोजन गरेको जानकारी उनले गराएका छन्। शिक्षा निर्देशनालय पोखराका प्रमुख अम्बिका आचार्यले मुस्कान सहितको गण्डकी प्रदेश बनाउन शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार ल्याउन विविध कार्यक्रमको आयोजना गर्दै आएको उल्लेख गरे। कार्यक्रम असोज १० र ११ गते दुई दिन सम्म चल्ने उनले बताए। कार्यक्रममा ११ जिल्लाका शिक्षा विकास तथा समन्वय इकाई प्रमुखहरु र ८५ वटै पालिकाका शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुखहरुको सहभागिता रहेको छ।

## हिमाली तथा पहाडी जिल्लामा रात्रिबस नचलाउन विपद् प्राधिकरणको आग्रह

**रासस**
काठमाडौं, १० असोज

राष्ट्रिय विपद् जोखिम तथा न्यूनीकरण प्राधिकरणले आगामी चार दिन भारी वर्षाको सम्भावना रहेकाले उच्च जोखिम रहेका हिमाली र पहाडी जिल्लामा यही असोज ११ र १२ गते रात्रिकालीन बस नचालाउन आग्रह गरेको छ।

जल तथा मौसम विज्ञान विभागले देशभर अतिभारी र भारी वर्षाको पूर्वानुमान गरेको जानकारी दिँदै प्राधिकरणले यस अवधिभर अत्यन्त जरुरी अवस्थामा बाहेक यात्रा नगर्न अनुरोध गरेको हो। विभागले कोसी प्रदेशको झापा, सुनसरी, धनकुटा, तेह्रथुम, खोटाङ, ओखलढुङ्गा, उदयपुर, भोजपुर, इलाम, पाँचथर र मोरङ मधेसको सिरहा, सप्तरी र पर्सा तथा बागमतीको मकवानपुर, चितवन, धादिङ, नुवाकोट, रसुवा, काठमाडौँ, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, सिन्धुली र रामेछाप जिल्लामा भारी एवं अतिभारी मनसुनी वर्षा हुने प्रक्षेपण गरेको छ।

यस्तै गण्डकी प्रदेशको म्याग्दी, बाग्लुङ, तनहुँ, स्याङ्जा, नवलपरासी पूर्व, कास्की,

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# झण्डाको रङ्ग खुइलिएपछि...

**पोखरापत्र संवाददाता**
पोखरा, १० असोज

उद्घाटन भएको सात महिना नबित्दै पर्यटकीय राजधानी पोखराको महेन्द्रपुलमा रहेको ‘ अन्तर्राष्ट्रिय झण्डा उद्यान’मा नयाँ झण्डा फेरिएको छ।

संविधान दिवसका अवसरमा गत साता उद्यानमा रहेका एक सय ९३ देशका पुराना झण्डा हटाएर नयाँ राखिएको हो । गत फागनु सात गते प्रजातन्त्र दिवसको अवसर पारेर उक्त झण्डा उद्यानमा राखिएको थियो । लायन्स कल्ब इन्टरनेशनलको करिब रु. ७० लाख आर्थिक सहयोगमा पोखरा महानगरपालिका-९ महेन्द्रपुलमा उक्त अन्तर्राष्ट्रिय झण्डा उद्यान निर्माण गरेको थियो। घामपानीको असरले छोटो अवधिमै झण्डाको रङ्ग खुइलिएपछि नयाँ झण्डा फेर्नु परेको पोखरा महानगरपालिकाले जनाएको छ । महानगरले पोखरामा नयाँ पर्यटकीय गन्तव्य बन्ने आशामा उक्त उद्यान बनाएको थियो। विश्व शान्ति, भाइचारा र एकताको सन्देश दिन अन्तर्राष्ट्रिय झण्डा उद्यानले सघाउ पुऱ्याउने विश्वास महानगरका पदाधिकारीको छ । तर बर्सेनि राज्य स्रोतको रकम खर्चेर र दातासँग मागेर कहिलेसम्म उद्यानका झण्डा फेरिरहने भन्ने प्रश्न उब्जेको छ। झण्डा उद्यान निर्माणका क्रममा पनि स्थान छनोट उचित नभएको भन्दै सार्वजनिक वृत्तबाट टिप्पणी भएको थियो। पोखरा सार्वजनिक पुस्तकालय रहेको भवन भत्काएर उक्त स्थानमा झण्डा उद्यान बनाएकामा कतिपयले महानगरको आलोचनासमेत गरेका थिए। सो ठाउँमा पुस्तकालय नै राख्नुपर्ने या परम्परागत चौतारीसहितको हरियाली उद्यान बनाउनुपर्ने माग स्थानीयवासीको थियो । स्थानीयबासीको गुनासो सुनुवाइ नगरी महानगरले लायन्स इन्टरनेशनलसँग मिलेर अन्तर्राष्ट्रिय झण्डा उद्यान बनाएको थियो । उद्यानमा संयुक्त राष्ट्रसङ्घमा आबद्ध एक सय ९३ सहित पोखरा महानगर र लायन्सका गरी एक सय ९७ झण्डा फहराइएको छ । एकै ठाउँमा विश्वभरका झण्डा लहरै फहराउँदा पर्यटकीय आकर्षण बढ्ने महानगरको दाबी रहेपनि कतिपयले भने झण्डा उद्यान मौलिक र पर्यावरणमैत्री नरहेको बताउने गरेका छन् । मुख्य सहरी क्षेत्रमा बनेको उक्त रङ्गीचङ्गी झण्डाको उद्यानले सवारीसाधन चलाउनेदेखि ट्राफिक व्यवस्थापनमा खटिने प्रहरीलाईसमेत असहज हुने गरेको बताइन्छ । सवारीसाधन चालकको ध्यान मोडिने गरी सडकको दायाँबायाँ त्यस्ता सामग्री राख्न र संरचना बनाउन नहुने ट्राफिक प्रहरीको भनाइ छ।

पोखरा महानगरपालिकाका आर्थिक विकास महाशाखा प्रमुख मनोहर कडरियाले झण्डा उद्यानको दिगोपनाको योजना बनाउनुपर्ने बताउनुभयो। “पोखरा घुम्न आउने पर्यटकका लागि नयाँ आकर्षणका रूपमा झण्डा उद्यानलाई विकास गर्नुपर्छ”, उहाँले भन्नुभयो, “पर्यटक भुलाउन अन्य आकर्षण र सुविधा पनि त्यहाँ थप्नुपर्छ ।” पोखरा महानगरपालिकाको सिको गर्दै बागलुङ नगरपालिकाले पनि गत वैशाखमा सदरमुकाममा रहेको वीरेन्द्र-ऐश्वर्य उद्यानमा विश्वरभरका झण्डा फहराएको छ। उद्यानमा रहेका रुख काटेर झण्डा राखिएपछि त्योबेला जनस्तरबाट आलोचना भएको थियो । बागलुङ्को उद्यानमा रहेका झण्डा पनि घामपानीले खुइलिन थालेका छन् । नगरपालिकाले रु १२ लाख खर्चेर ती झण्डा उद्यानमा फहराएको थियो । अन्तर्राष्ट्रिय झण्डाले उद्यानको सौन्दर्यीकरणका साथै जिल्लाको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने नगरपालिकाको दाबी छ।

# प्रथम पर्वतीय...

३, वडा ६, वडा ८ र वडा १७ वडा कार्यालय, नेलम्बो नेपाल, नेपाल भूतपूर्व खेलाडी मञ्च, खाडेखोला मैत्रीय आमा समूह, अटो वेज प्रालि, वाई यूके सुपर मार्केट, एथ्लेटिक्स संघ गण्डकी, बुद्ध पार्क समिति, पुम्दीकोट माउण्टेन लज, विश्व शान्ति स्तुप समिति, पोखरा ८ वडा कार्यालय, सहारा क्लब पोखरा, पुम्दीकोट कोट विकास समिति, कर्माचार्य ग्रुप, युनाइटेड क्लब, परिचय एड्भरटाईजिङ, वर्ल्ड भिजन, जिल्ला समन्वय समिति, बुमऱ्याङ रेष्टुरेण्ट, एस.के. साउण्ड एण्ड भिजन, खेलकुदकर्मी विश्व तण्डुकार, टान गण्डकी, पोखरा अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय, सिटिजन फर्निचर, हिमालयन कम्प्युटर, ग्लेज ड्रिकिङ वाटर, बराल पार्टी प्यालेस, प्रादेशिक क्रिकेट संघ गण्डकी, वुल्स मेन क्लब, सहास स्पोर्टस्, टाइगर ग्रुप अफ पोखरा, होटल वाराही, सेमियोग टुरिष्ट रिसोर्ट, युआरएल, लक्ष्मी हाउस, पुइमे फास्टफुड, लेकसाइड होटेलियर्स क्लब, होटल मुस्ताङ लेते एण्ड थकाली, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल लगायतको सहयोग छ।

# मोवाईल टावरमा सामान खरिद गर्दा उपहारै उपहार

**पोखरापत्र संवाददाता**
पोखरा, १० असोज

पोखराको महेन्द्रपुलमा रहेको पोखरा मोवाईल टावरले दशै तिहारका लागि उपहारै उपहारको बम्पर योजना सुरु गरेको छ। यो योजना अन्तरगत राइसकुकर, टिभि देखि स्कुटर सम्मको उपहार रहेको मोवाईल मेला २०८१ का संयोजक बुद्धि थापाले बताए।

यो बम्पर योजना अन्तरगत प्रथम हुनेलाई ३२ इन्चको टिभि र द्धितिय हुनेलाई एसी कुलर, तेस्रो हुनेलाई १० इन्चको ट्रोल्ली स्पीकर र सान्त्वना पुरस्कारमा राईस कुकर रहेको छ । त्यस्तै प्रत्येक महिना १० जनालाई आर्कषक पुरस्कारको व्यवस्था रहेको मेला संयोजक थापाले जनाएको छ । गण्डकी प्रदेशकै मोवाईल पाईने ठुलो पोखराको मोवाईल टावरमा विभिन्न ब्राण्डका मोवाईलहरु सुपथ मुल्यमा बिक्री वितरण हुदै आईरहेको छ । चाडपर्वको बेला उपभोक्ताहरुलाई प्रोत्साहन गर्ने उद्धेश्यका साथ टावरले उपहार योजना सुरु गरेको टावरका संरक्षक उदय बहादुर केसी ‘लाहुरे दाई’ ले बताए। मोवाईल मेलालाई व्यवस्थित गर्नका लागि बुद्धि बहादुर थापाको संयोजकत्वमा मेला समिति गठन गरेको छ। जसमा उप-संयोजक उपकार रंजित, सचिव विदुर सापकोटा, सह-सचिव सन्तोष गुरुङ, कोषाध्यक्ष हेविन्द्र श्रीष र सह-कोषाध्यक्षमा मनि तिवारी रहेको छ । त्यस्तै सदस्यहरुमा सुनिल बि.क, सर्मिला पौडेल, शिवराज अधिकारी, सौरब बराल,केन्द्र घर्ति, दिपक पोर्खेल, सुजन श्रेष्ठ, विपिन बराल र रबिन्द्र आचार्य रहेका छन । सल्लाहकारमा नबिन ढुङ्गाना, हरि केसि, संजय श्रेष्ठ, देबराज भण्डारी, सुर्य श्रेष्ठ लगायत रहने गरि मेला समिति गठन गरेको संरक्षक उदय बहादुर कसीले बताए । उक्त टावरमा अहिले ८० वटा मोवाईल पसलहरु संचालनमा रहेको छ। असोज ६ गते देखि सुरु भएको मेला पुस १५ गते सम्म जारी रहने संयोजक थापाले बताए। मोवाईल टावरबाट ग्राहकले सामान खरिद गरे बापत प्राप्त हुने टिकटको आधारमा गोलाप्रथाद्धारा उपहार विजेता चयन गरिने आयोजकले जनाएको छ। मोवाईल टावरको दशै मेलामा त्यहाँ रहेको पसलबाट सामान खरिद गरे वापतको टिकट प्रथम, द्धितिय, तृतिय र सान्त्वनाको साथै बम्पर योजनामा पनि समावेश गरिने आयोजकले जनाएको छ। बम्पर योजनाका भाग्यशाली १ जना विजेतालाई डियो स्कुटर उपहार समेत रहेको आयोजक मोवाईल टावरले जनाएको छ।

# ‘एलडिसी’लाई सहयोग बढाउन जी-२० राष्ट्रहरूलाई परराष्ट्रमन्त्रीको आग्रह

**रासस**
काठमाडौं, १० असोज

परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले अतिकम विकसित मुलुकहरू (एलडिसी) का लागि सहयोगको मात्रा बढाउन जी-२० देशहरुलाई आग्रह गर्नुभएको छ।

संयुक्त राष्ट्रसङ्घको ७९औँ महासभामा सहभागी हुने सिलसिलामा न्युयोर्कमा रहनुभएकी जी(२० का विदेशमन्त्रीहरूको बुधबार भएको बैठकमा एलडिसीको अध्यक्षका हैसियतले उहाँले अल्पविकसित देशहरुलाई सहयोग गर्न आग्रह गर्नुभएको हो।

पछिल्लो समय विश्वका अतिकम विकसित देशहरु विविध समस्याबाट पिरोलिएका दृष्टान्त प्रस्तुत गर्दै मन्त्री देउवाले कोभिड-१९ महामारी, जलवायु परिवर्तनको असर, भूराजनैतिक तनावका कारण ती देश पीडित भएका बताउनुभएको उहाँको निजी सचिवालयले जनाएको छ। “पछिल्लो दुई दशकमा अतिकम विकसित देशहरु चरम गरिबीतर्फ धकेलिएका छन्। एलडिसीहरुमा समावेशी आर्थिक वृद्धि, दिगो विकासका लक्ष्य हासिल गर्न तथा स्वास्थ्य सुरक्षालाई विश्वव्यापी रुपमा प्रवर्द्धन गर्न, जलवायु परिवर्तनको असर कम गर्ने कार्यक्रमलाई प्रभावकारी बनाउन, ‘डिजिटल डिभाइड’कम गर्न र हामीले सामना गरिरहेका बहुआयामिक समस्या घटाउन जि(२० को सहयोग महत्वपूर्ण हुनेछ”, परराष्ट्रमन्त्रीलाई उद्धृत गर्दै उहाँको निजी सचिवालयले जनाएको छ । जी(२० को अध्यक्ष ब्राजिलले सामाजिक समावेशीकरण, गरिबी निवारण र दिगो विकासमा केन्द्रित रहेर बैठकको आयोजना गरेकामा परराष्ट्रमन्त्रीले धन्यवाद ज्ञापन गर्नुभयो । ब्राजिलले भोकमरी र गरिबी घटाउन विश्वव्यापी अभियान सुरु गर्न लागेकामा त्यसको उहाँले स्वागत गर्नुभयो।

जी (२० मा एलडिसीका तर्फबाट प्रतिनिधित्व गर्ने औपचारिक संयन्त्र निर्माणको आग्रह परराष्ट्रमन्त्रीले गर्नुभयो । उहाँले हाल एलडिसीमा जलवायु परिवर्तनका कारण उत्पन्न समस्यालाई कम गर्न जी(२० कै नेतृत्वमा ‘क्लाइमेट चेञ्ज फण्ड’ स्थापना गर्न, एलडिसीका उत्पादनलाई कोटा निर्धारण गरी भन्सार छुटको व्यवस्थाका साथै ऋण मिनाहाका कार्यक्रम ल्याउन आग्रह गर्नुभयो।

# अरिङ्गालले टोकेर चारजना घाइते

**पोखरापत्र संवाददाता**
लमजुङ, १० असोज

जिल्लाको बैँसीसहर नगरपालिका-३ मा रहेको गाउँसहर माध्यमिक जाँदै गर्दा बाटोमा अरिङ्गालले टोकेर चारजना विद्यार्थी घाइते भएका छन्।

बिहीबार बिहान विद्यालय जाने क्रममा डमफुहाउस नजिककै अरिङ्गालले टोकेर उनीहरू घाइते भएका जिल्ला प्रहरी कार्यालयले जनाएको छ । प्रहरी कार्यालयका प्रहरी निरीक्षक तुलबहादुर श्रेष्ठका अनुसार बैँसीसहर-५ बाख्रेगजतका १३ वर्षीय रीना गुरुङ, १२ वर्षीय अर्जना तामाङ, १३ वर्षीय सङ्गीता तामाङ र १० वर्षीय करुणा गुरुङ घाइते भएका छन् । घरबाट विद्यालय जाँदै गर्दा बाटोमा अचानक आएको अरिङ्गालले उनीहरूको टाउको, छातीलगायत शरीरका विभिन्न भागमा टोकेको उहाँले बताउनुभयो। घाइते सबैको उद्धार गरी लमजुङ अस्पतालमा उपचार भइरहेको प्रहरी निरीक्षक श्रेष्ठले जानकारी दिनुभयो। घरबाट विद्यालयसम्म आउँदा जङ्गलको बाटो पर्ने प्रहरीले जनाएको छ।

# पोखरा महानगरपालिकाले सुपथ मूल्य पसल सञ्चालन गर्दै

**पोखरापत्र संवाददाता**
पोखरा, १० असोज

पोखरा महानगरपालिकाले चाडबाडलाई लक्षित गरी सुपथ मूल्य पसल सञ्चालन गर्ने भएको छ।

महानगरपालिकाले यही असोज ११ गतेदेखि पोखरा -८ स्थित सिद्धार्थ चोकमा सुपथ मूल्य पसल सञ्चालन गर्न लागेको व्यवसाय प्रवर्द्धन केन्द्रका प्रमुख कार्यकारी अधिकृत नवराज अधिकारीले जानकारी दिनुभयो।

उहाँका अनुसार चाडबाडमा उपभोक्तालाई केही न केही राहत पुगोस् भन्ने उद्देश्यका साथ सुपथ मूल्य पसल सञ्चालन गर्न लागिएको हो । पोखराको लेखनाथ क्षेत्रमा पनि सुपथ मूल्य पसल खोल्ने सम्बन्धमा कर्मचारी उपलब्ध भएमा सञ्चालन गर्न सकिने कुरा आएकाले त्यसबारे पनि सम्बद्ध पक्षसँग छलफल बढाइएको उहाँले बताउनुभयो।

सुपथ मूल्य पसलमा चिनी, नुन, तेल, पीठो, मैदा, चामल लगायतका समानहरू पाइने जनाइएको छ।

# विश्व पर्यटन दिवसका अवसरमा पोखरामा मिनी सडक महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, १० असोज

नेपालको पर्यटकीय राजधानी पोखरामा विश्व पर्यटन दिवसका अवसरमा मिनी सडक महोत्सवको हुने भएको छ।

रेष्टुरेन्ट एण्ड बार एसोसिएसन नेपाल (रेवान) पोखराले पर्यटन दिवसका दिन यही असोज ११ गते साँझ फेवाताल किनार अम्बोटदेखि वाराही चोकसम्म एकदिने सडक महोत्सव गर्न लागेको हो । महोत्सवमा बाजा गाजासहित विभिन्न सांस्कृतिक कार्यक्रमसमेत प्रदर्शन गरिने महोत्सवका संयोजकसमेत रहनुभएका रेवानका महासचिव वीरेन्द्र शेरचनले जानकारी दिनुभयो । ‘सडक मै खाउँ, सडक मै रमाउँ’ भन्ने उद्देश्यका साथ आयोजना हुने महोत्सवले आन्तरिक तथा बाह्य पर्यटकलाई पोखरा भित्र्याउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास रहेको उहाँले बताउनुभयो । रेवानका अध्यक्ष विश्वराज पौडेलले महोत्सवमा विभिन्न सांस्कृतिक कार्यक्रमका साथ यहाँका विभिन्न जातीय संस्कृति, भेषभुषा, सांस्कृतिक नृत्य, पर्यटकीय ठाउँहरूको दृश्यावलोकन वृत्तचित्र तथा स्वदेशी र विदेशी खानाका परिकार प्रस्तुत गरिने बताउनुभयो । यसैगरी विश्व पर्यटन दिवसका सन्दर्भमा पोखराका विभिन्न पर्यटनसँग सम्बन्धित संघ संस्थाले पनि विभिन्न कार्यक्रम आयोजना गर्ने तयारी गरेका छन्।

# सडक ढलानमा स्थानीयलाई अवसर

**रासस**
तनहुँ, १० असोज

बन्दीपुर गाउँपालिकाले सडक ढलानमा स्थानीयलाई रोजगारी दिएको छ । बन्दीपुर गाउँपालिका-४ स्थित पुलामी चोकबाट पानी ट्याङ्कीसम्म जाने सडक ढलानका लागि यहाँका स्थानीयले रोजगारी पाएका हुन्।

प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत वडाभित्रका विकास योजनामा स्थानीयलाई रोजगारी दिने नीतिबमोजिम सूचीकृत बेरोजगारलाई रोजगारी प्रदान गरिएको गाउँपालिका रोजगार सेवा केन्द्र संयोजक शरणसिंह गुरुङले बताउनुभयो।

सडक ढलानका लागि आठ जना अदक्ष र चार जना दक्ष श्रमिकलाई रोजगारी दिइएको छ। सडक ढलान तथा कामदारको ज्यालाबापत रु चार लाख बजेट विनियोजन गरिएको छ। संयोजक गुरुङका अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत सडक तथा पानीको निकास निम्ति नाला निर्माण, चौतारा मर्मत, पैदलमार्ग निर्माण हुने गरेको छ।

रोजगारीको हकसम्बन्धी ऐन २०७५ ले सबै नागरिकलाई रोजगारीको हक सुनिश्चित गरेको छ। मन्त्रालयले सार्वजनिक गरेको प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत चयन भएकाले न्यूनतम सय दिनको रोजगारी पाउँछन्।


# हिमाली ...

पर्वत, लमजुङ, गोरखा र मनाङ, लुम्बिनीको रुकुम पूर्व, रोल्पा, गुल्मी, प्युठान, अर्घाखाँची, पाल्पा, दाङ, कपिलवस्तु, रुपन्देही, नवलपरासी पश्चिम, बाँके र बर्दिया, कर्णालीको जाजरकोट, रुकुम पश्चिम, दैलेख, सुर्खेत र सल्यान तथा सुदूरपश्चिमको डोटी, कैलाली र अछाममा पनि वर्षा हुने अनुमान गरेको छ । प्राधिकरणले धान नकाट्न र काटिसकेको भए तत्काल थन्काउन तथा तराई तथा मधेस क्षेत्रमा सकेसम्म भुइँतलामा अन्नपात नराख्न अनुरोध गरेको छ । पहिरोको जोखिम भएका स्थानमा र नदी किनाराका बस्तीमा उच्च सतर्कता अपनाउन तथा दाउरा निकाल्न, माछा मार्न नदी किनारमा नजान सबैमा अनुरोध गरेको छ। मनसुन पूर्वतयारी तथा प्रतिकार्य कमाण्ड पोष्टको बैठकले खोज तथा उद्धारका लागि तीनवटै सुरक्षा निकाय एवं स्वयंसेवकहरु तयारी अवस्थामा रहन निर्देशन दिएको प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईले जानकारी दिनुभयो। प्राधिकरणले पूर्वतयारी र प्रतिकार्य गर्ने साझेदार संस्थाहरु जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वयमा रही सतर्क रहन तथा विपद्को जोखिममा रहेका नागरिकलाई सम्बन्धित निकायले सुरक्षित आश्रयस्थलमा सार्नसमेत निर्देशन दिएको छ।


# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



# प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। - गौतम बुद्ध

## सम्पादकीय

# अभिव्यक्ति स्वतन्त्रताको पक्षमा

सर्वोच्च अदालतले सामाजिक सञ्जाल नियमन सम्बन्धी कानुन निर्माण गर्न नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश दिएको छ। सर्वोच्च अदालतका न्यायाधीशद्धय सपना प्रधान मल्ल र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले टिकटक बन्द गर्ने नेपाल सरकारको निर्णय विरुद्ध परेका रिटको पूर्ण सुनुवाई गरी सो आदेश दिएको छामाओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले टिकटक बन्द गरेको थियो। काङ्ग्रेस एमालेको सरकार बन्नको ३५ दिनमै टिकटक प्रतिबन्ध हटेको थियो।

२०८१ कात्तिक २७ मा टिकटक बन्द गर्ने निर्णय नेपाल सरकारबाटै टिकटक खुलाउने २०८१ भदौ ७ गतेको निर्णयबाट सच्चिइसकेकोले उत्प्रेषणको आदेश जारी गरिहनुनपर्ने भएकोले नियमनका विषयमा भने आवश्यक कानुनी प्रबन्ध गर्नु भनी निर्देशनात्मक आदेश जारी भएको रिट निवेदक अधिवक्ता अनन्तराज लुईंटेलले जानकारी दिएका छन। लिखित फैसला आउन समय लाग्ने भएकोले न्यायाधीशद्धयले आफ्नो राय कितावमा आदेशको ब्यहोरा उल्लेख गरेको र सो सर्वोच्च अदालतको वेभसाइटमा समेत अपलोड भएको समेत अधिवक्ता लुईंटेलको टिकटक बन्द गर्ने निर्णयलाई चुनौति दिदै अधिवक्तात्रय अनन्तराज लुईटेल, प्रतिभा उप्रेती र विशाल थापाको पहिलो निवेदन सहित चौधवटा रिट निवेदन दायर भएका थिए।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा लाग्नेहरुलेदायर रिट प्रतिबन्ध अबधिमा सर्वोच्चमा सुनुवाइ हुन सकेन। टिकटक बन्द गर्ने निर्णयले संविधानको धारा १७९२ (क) ले सुनिश्चित गरेको अभिव्यक्ति स्वतन्त्रताको उल्लङ्घन भएको दावी गरिएको थियो। संविधानको धारा १७(१)(क) मा विचार र अभिव्यक्ति स्वतन्त्रता र धारा १९(१) मा विद्युतीय प्रकाशन, प्रशारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रृव्य, श्रृव्यदृष्य सामाग्रीको प्रकाशन तथा प्रशारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिवन्ध नलगाइने सुनिश्चित गरिएकोले सरकारको निर्णय गैर कानुनी भएकोले बदरभागी भएको दावी गरिएको थियो।

संविधानमा जनताको प्रतिस्पर्धात्मक लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको सुचिश्चित गरेको उल्लेख गर्दै सो भन्दा बाहिर गरिएका कार्य बदर गर्न समेत रिट निवेदनमा माग गरिएको थियो। कानुनलाई नटेकी मन्त्रिपरिषद्को निर्णयको आधारमा प्रतिबन्ध लगाइएको थियो। लोकतान्त्रिक शासन प्रणाली अपनाएको मुलुकले आदेशको भरमा शासन चलाउन खोज्नु सभ्य समाजलाई सुहाउँदैन। कानुन बनाएर नियमन गर्नु पर्ने सोझो बाटो छोडेर चोर बाटो हिड्नु गलत हो।सर्वोच्चले गरेको फैसलाले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा लाग्नेहरुलाई बधाई दिएकाछन।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : शारीरिक झमेला |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# पाँच पालिकामा एक सय ९९ विद्युत् प्रसारण लाइनको टावर निर्माण गरिने

**पोखरापत्र संवाददाता**
तनहुँ, १० असोज

मिलेनियम च्यालेञ्ज एकाउन्ट नेपाल विकास समिति (एमसिए नेपाल)मार्फत तनहुँका पाँच पालिकामा विद्युत् प्रसारण लाइनका लागि एक सय ९९ वटा टावर निर्माण गरिने भएको छ।

जिल्लाको व्यास नगरपालिका र आबुँखैरेनी, बन्दीपुर, ऋषिङ तथा घिरिङ गाउँपालिकामा उक्त टावर निर्माण गर्न लागिएको हो।

सवस्टेशनअन्तर्गत विद्युत् प्रसारण लाइनको टावर निर्माणका लागि आवश्यकपर्ने यहाँका विभिन्न ठाउँमा जग्गाको मुआब्जा वितरण प्रक्रिया सुरु गरिएको प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले जानकारी दिनुभयो। उहाँकानुसार एमसिए नेपालद्वारा सञ्चालित ४०० केभी विद्युत् प्रसारण आयोजनाअन्तर्गत रातमाटे सवस्टेसनदेखि दमौली सवस्टेशन हुँदै बुटवल सवस्टेन खण्डअन्तर्गत विद्युत् प्रसारण लाइनको टावर निर्माण गरिनेछ।

एमसिए नेपालले चार सय केभी न्यू दमौली सवस्टेसन निर्माणका लागि गत साउन १६ गते ठेक्का सम्झौता गरिसकेको छ।

जिल्ला प्रशासन कार्यालयले असोज १ गते सूचना प्रकाशित गरी मुआब्जा प्राप्त गर्ने जग्गाधनीले हकदैया भोगचलनसम्बन्धी प्रमाणसहित सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र प्रशासन कार्यालय वा एमसिए नेपालको तनहुँस्थित सम्पर्क कार्यालय वा आयोजनाको सार्वजनिक सूचना केन्द्रमा निवेदन दिन सकिने जनाएको छ। सूचनामा चित्त नबुझ्ने व्यक्तिले जग्गा प्राप्ति ऐन, २०३४ को दफा १८ को उपदफा (२) बमोजिम १५ दिनभित्र गृहमन्त्रालयमा उजुरी गर्नसक्ने पनि जनाइएको छ। मूल्य निर्धारण समितिले जग्गाको मूल्य निर्धारण गर्नुअघि स्थलगत निरीक्षण गरिसकेको छ। मालपोत कार्यालयले तोकेको मूल्याङ्कन, सम्बन्धित वडा कार्यालयको चलन चल्तीको मूल्य, बैंक तथा वित्तीय संस्थाले तोकेको मूल्य, बाटोको दूरी तथा जङ्गल क्षेत्रको आधारमा जग्गाको मूल्याङ्कन गरिएको प्रमुख जिल्ला अधिकारी गौतमले बताउनुभयो।

नेपाल-भारत सीमानासम्म तीन सय १५ किलोमिटर प्रसारण लाइन निर्माण हुने मिलेनियम च्यालेञ्ज एकाउन्ट नेपाल विकास समितिले जनाएको छ।

# तनहुँ जलविद्युत् आयोजनामा क्षति भएकालाई क्षतिपूर्ति वितरण गरिने

**पोखरापत्र संवाददाता**
तनहुँ, १० असोज

तनहुँ जलविद्युत् आयोजनाको संरचना निर्माणका क्रममा विस्फोट गर्दा क्षति भएका घरलाई क्षतिपूर्ति वितरण गरिने भएको छ।

निर्माणाधीन एक सय ४० मेगावाट क्षमताको जलविद्युत् आयोजनाको चरण-१ अन्तर्गत संरचना निर्माणका लागि विस्फोट गर्दा सो आसपासका घर तथा भौतिक संरचनामा पुगेको क्षतिको मूल्याङ्कन गरी क्षतिपूर्ति वितरण गर्न लागिएको हो। क्षतिको असर र मूल्याङ्कन गरी क्षतिपूर्ति रकम सिफारिस गर्न तनहुँका सहायक प्रमुख जिल्ला अधिकारी कमलराज भण्डारीको संयोजकत्वमा गठित उपसमितिको बैठक सम्पन्न भएसँगै सङ्कलन भएका विवरणअनुसार मूल्याङ्कन थालिएको जलविद्युत् आयोजनाका प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो। बैठकमा निर्माणका कारण ऋषिङ गाउँपालिका-१ का ९८ परिवार र व्यास नगरपालिका-५ बेतेनीका २० गरी ११८ परिवारका घर तथा संरचनाको मूल्याङ्कन गरी तयार गरिएको प्रतिवेदनमाथि छलफल गरिएको भण्डारीले बताउनुभयो। उहाँले भन्नुभयो, "मूल्याङ्कन प्रतिवेदनलाई अन्तिम रुप दिई क्षतिपूर्ति निर्धारण समितिसमक्ष पेस गर्ने निर्णय भएको छ।" यसैबीच, आयोजनाको बाँध निर्माणस्थल भन्दा माथिल्लो तटीय क्षेत्रमा पर्ने ऋषिङ-१ लोक्माका बासिन्दासँग परामर्श बैठक गरिएको छ। लोक्मावासीलाई दमौली क्षेत्रमा आवतजावत गर्न सहजीकरण गर्ने उद्देश्यले गरिएको परामर्श बैठकमा बाँध निर्माणस्थल क्षेत्रबाट सुरक्षित रूपमा आवतजावत गर्न विभिन्न विकल्पमा छलफल गरिएको भण्डारीले जानकारी दिनुभयो।

# 'रिचार्ज' पोखरी निर्माण गर्दै नासों गाउँपालिका

**पोखरापत्र संवाददाता**
मनाङ, १ भदौं

जलवायु परिवर्तनको असर अधिक मात्रामा हिमाली क्षेत्रमा पर्दछ। त्यसले गर्दा हिमाली जिल्लाका पानीका मुहान सुक्दै गएका छन्। पर्यावरण संरक्षणका लागि जिल्लाको नासों गाउँपालिकाले 'रिचार्ज' पोखरी निर्माण गर्ने भएको छ।

हिमाली क्षेत्रका तालतलैया तथा पानीका मुहान सुक्न थालेपछि रिचार्ज पोखरी निर्माण गर्ने निर्णय गरेको गाउँपालिकाले जनाएको छ। वडा नं ६ स्थित पोङ्कर ताल परिसरमा गाउँपालिकाको कार्यापालिका बैठक बसी रिचार्ज पोखरी निर्माण गर्ने निर्णय गरिएको गाउँपालिकाका अध्यक्ष धनबहादुर गुरुङले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "जलवायु परिवर्तनले परेको असर र यसको न्यूनीकरण गर्न आवश्यक देख्यौं, जसले गर्दा मनाङका तालतलैया, प्राकृतिक पानीका मुहान अहिले सुक्दै गएका छन्, यसको संरक्षणका लागि हामीले रिचार्ज पोखरी निर्माण गर्ने निर्णय गरेका हौं।" बैठकका साथै वडा नं ६ का भीमथाङ र पोङ्कर तालको स्थलगत अवलोकनसमेत गरिएको थियो। तीनवटा रिचार्ज पोखरी निर्माण गरिने ५ नंका वडाध्यक्ष थुतेन लामाले जानकारी दिनुभयो। उहाँका अनुसार अहिले वडा नं ६ का दुई स्थानमा रिचार्ज पोखरी निर्माण गरिनेछ। उहाँले भन्नुभयो, "वडा नं का लागि ३ नं मा रिचार्ज पोखरी निर्माण गरिसकिएको छ, अब भीमथाङ र तिल्चेमा रिचार्ज पोखरी निर्माण गर्ने भएका छौं, बोर्ड बैठकबाट नै निर्णय गरेर प्रक्रिया अगाडि बढाउने भइसकेको छ।"

भीमथाङमा ५० लिटरको रिचार्ज पोखरी बनाएर पानीको मुहान संरक्षण गरिने योजनासहित अगाडि बढिरहेको वडाध्यक्ष लामाले बताउनुभयो। जलवायु परिवर्तनले परेको असर र यसको न्यूनीकरणका लागि समुन्द्री सतहदेखि चार हजार मिटर उचाइ वडा नं ६ भीमथाङ र पोङकर ताल रहेका छन्। उक्त बैठकले पालिकाभित्र रहेका पानीका मुहान सुक्दै जाने क्रम बढेकाले रिचार्ज पोखरी निर्माण गर्ने निर्णय गरेको हो। पछिल्लो समय मनाङमा बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि, हिमपात कम हुनु, समयमा हिमपात नहुने कार्य बढ्दै गएको छ। त्यसले पानीको मुहान सुक्नु र केही फरक स्थानमा पानीको मुहान देखिने भएको छ। त्यसको संरक्षणमा गाउँपालिकाले कदम चाल्न थालेको जनाएको छ। कम हिमपात तथा समयमा हिमपात नहुँदा यहाँका पानीका मुहान सुक्दै जाने क्रम बढ्दो छ। यसका साथै जलवायु परिवर्तनको असर न्यूनीकरण तथा पानीको मुहान संरक्षणका स्थानीय सरकारका साथै प्रदेश र संघीय सरकारले चासो दिनुपर्ने देखिएको छ।


HIMALAYAN LIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**

**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI १६१०००००२३९ | चन्द्रावती थापा क्षेत्री | भरतपोखरी ५, कास्की |
| २ | PLI १६१००००८३० | रीतिका पौडेल | धिताल ३, कास्की |
| ३ | ULI ४००००१९८६ | राजन कुवर | बाङ्ग्रे लमजुङ |
| ४ | GLI ००१००१७७६५ | विष्णु कुमारी सुवेदी | थापाठाना, ७ पर्वत |
| ५ | ULI ४००००३२१७ | बसन्त राज वास्तोला | पुरन्चौर, ३ कास्की |
| ६ | PLI १६१०००४७४३ | कुमार खड्का | राइपुर-५ तनहुँ |
| ७ | GLI १६१००१४१२७ | अमला भट्टचन | पोखरा-२ कास्की |
| ८ | PLI १६१०००७९८४ | सनिप आचार्य | पुरुन्चौर-४ कास्की |



# ECHS र डिस्चार्ज सर्टिफिकेट हराएको सूचना

**म पुर्ण बहादुर गुरुङको** Indian Army **को** ECHS (Ex-Servicemen Contributory Health Scheme) Card **र पेन्सन निस्कँदाको अवस्थाको डिस्चार्ज सर्टिफिकेट रामबजारबाट सैनिकबस्ती जाने क्रममा हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला।**

Name : Purna Bahadur Gurung
Indian Army No.: 5335229 L/NK
PPO No. : 36781/73
TS No : 35328
**ठेगाना** : **पोखरा-२९, सैनिकबस्ती**
**सम्पर्क नं.** : 9849486218



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

# हार्दिक समवेदना



**जन्मः**
**वि.स. २००८/०२/२५**

**स्वर्गारोहणः**
**वि.स. २०८१/०५/३० गते**

**स्वः विष्णुमाया बास्तोला**

यस नागेश्वर भजन कृतन समुहका सक्रिय सदस्य तुलसी प्रसाद बास्तोलाको श्रीमती, छोराहरु शिवप्रसाद बास्तोला र हेमराज बास्तोलाको ममतामयी माता एव सत्य सेवा आमा समूहकी साधारण सदस्य **विष्णुमाया बास्तोला**को असामयिक निधन भएकोमा हामीहरु भावविह्ल भएका छौं। यो दुखको घडीमा दिवंगत आत्माको चिरशान्ति र बैकुण्ठबासको कामना गर्दै शोकाकुल परिवारजनलाई धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गर्नेछन भन्ने कामनाको साथमा आज १३ औं दिनको पुण्य तिथिमा भावपूर्ण समवेदना व्यक्त गर्दछौं।

| | |
|---|---|
| **प्रेम प्रसाद पराजुली** | **जमुनादेवी श्रेष्ठ** |
| **अध्यक्ष तथा** | **अध्यक्ष तथा** |
| **नागेश्वर भजन कृतन समुह परिवार** | **सत्य सेवा आमा समुह परिवार** |

**पोखरा महानगरपालिका-१३ बाँझापाटन**



# सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०६/११)

उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २५ मा रुद्र महादेव ब्रदर्श बिल्डर्स प्रा.लि. द्वारा RMC (आर.एम.सी.) तथा अस्फाल्ट प्लान्ट निर्माण तथा संचालन गर्न लागिएको हुँदा यससँग सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने क्रममा आयोजना निर्माण स्थलमा मिति २०८१/०६/१५ गते मंगलबारको दिन बिहान ७:३० बजे सरोकारवालाहरुको उपस्थितीमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुँदा उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछु।

**आयोजक**

**रुद्र महादेव ब्रदर्श बिल्डर्स प्रा.लि.**

कास्की, पोखरा महानगरपालिका, वडा नं. २५

सम्पर्क नम्वरः ९८५६०३५८१९

# बुकीमा चरेका च्याङ्ग्राको माग उच्च

**सन्तोष गौतम**
म्याग्दी, १० असोज/रासस

मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिका-४ याराका डिण्डुप गुरुङको गोठमा एक सय ५० च्याङ्ग्रा छन् । घुम्ती गोठमा पालेको च्याङ्ग्रा बेचेर उहाँले छोराछोरी पढाउने र घरव्यवहार चलाउने खर्च जुटाउदै आउनुभएको छ।

"वर्षमा ४० जति च्याङ्ग्रा बिक्री हुन्छ," उहाँले भन्नुभयो "घरव्यवहार चलाउने र छोराछोरी पढाउने खर्च च्याङ्ग्रा पालनबाटै जुटाउने गरेको छु।" ३५ वर्षीय डिण्डुपले विदेश नगई पुर्खाले गर्दै आएको च्याङ्ग्रापालनलाई निरन्तरता दिनुभएको हो। याराका डिण्डुपले जस्तै मुस्ताङको वारागुङ मुक्तिक्षेत्र, लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकाको प्रायजसो घरमा च्याङ्ग्रा पालेका छन् । दशै तिहारमा पोखरा, काठमाडौ लगायत देशका विभिन्न जिल्लामा मासुका लागि मुस्ताङका किसानले पालेका च्याङ्ग्राको उच्च माग हुन्छ।

सडक यातायात र बजारको सुबिधासँगै च्याङ्ग्रा पाल्ने पेशा व्यवसायिक बन्न थालेको लोघेकर दामोदरकुण्ड -४ घाराका पेमा छिरिङ गुरुङले बताउनुभयो। "पहिले दशै तिहारका लागि एक महिना पहिलेनै च्याङ्ग्रा हिडाएर म्याग्दी, पर्वत, बागलुङ, कास्कीका गाउँबस्ती र पोखरामा लैजाने गरिन्थ्यो," उहाँले भन्नुभयो "अहिले गाउँबाटै प्रतिगोटा रु ३३ देखि ३५ हजारमा च्याङ्ग्रा बिक्री भइरहेको छ।" तीन वर्ष पुरा भएका च्याङ्ग्रा मासुका लागि बिक्री हुने गर्छ । जडिवुटीयुक्त बुकीमा चरेका च्याङ्ग्राको मासु पोषिलो, तागतिलो र स्वस्थर मानिन्छ । दशैं तिहारमा हिमाली च्याङ्ग्राको मासुको खपत बढी हुने गर्छ । बर्खामा समुन्द्रि सतहदेखि छ हजार मिटर उचाईको हिमालको फेदमा पुग्ने च्याङ्ग्रा गोठहरू असोज लागेपछि बेशीतर्फ झार्ने गर्छन् । तीन/चार वटा घरले वार्षिक रूपमा रु. एक लाख पचास हजार ज्याला दिएर च्याङ्ग्रा हेर्न गोठाला राखेका छन् । स्थानीयका साथै म्याग्दी, बागलुङ, रुकुम, रोल्पा, धादिङबाट कामको खोजीमा मुस्ताङ पुग्नेहरू च्याङ्ग्रा गोठाला बस्ने गर्छन् । भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका अनुसार मुस्ताङमा १२ वटा मिश्रित ठूला च्याङ्ग्रा फार्म छन्। २० देखि ५० वटाको संख्यामा च्याङ्ग्रा पाल्ने कृषकहरूको संख्या धेरै रहेको केन्द्रका प्रमुख पशु चिकित्सक डा लालमणी अर्यालले बताउनुभयो।

उहाँका अनुसार मुस्ताङमा हाल ५० हजार च्याङ्ग्रा पालिएको छ। थासाङ बाहेक, घरपझोङ, वारागुङ मुक्तिक्षेत्र, लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकामा व्यवसायिक च्याङ्ग्रापालन भएको छ। यसवर्षको दशै तिहारका लागि मुस्ताङबाट च्याङ्ग्रा निकासी हुन थालेको छ । बुधबारसम्म तीन सय ९७ च्याङ्ग्रा निकासी गर्न स्वास्थ्य परीक्षण गरि सिफारिस दिएको केन्द्रका प्रमुख अर्यालले बताउनुभयो । स्वास्थ्य परिक्षण गरेर निरोगी पशु मात्र एक जिल्लाबाट अर्को जिल्लामा लैजान पाइन्छ । स्थानीय व्यापारीले गाउँका किसानहरूबाट खरिद गरेर जोमसोममा च्याङ्ग्रा ल्याउन थालेका छन्।

देशका विभिन्न ठाउँका ब्यापारीहरूले जोमसोममा खरिद गरेका च्याङ्ग्रा हिडाएर म्याग्दीको बेनीसम्म ल्याउँछन् । बेनी देखि ट्रकमा राखेर देशका विभिन्न बजारमा च्याङ्ग्रा लैजाने गर्छन् । मुस्ताङबाट गत वर्ष रु. २० करोड भन्दा बढी मूल्य बराबरको सात हजार च्याङ्ग्रा निकासी भएको थियो । यसपालीको दशै तिहारका लागि १० देखि ११ हजार च्याङ्ग्रा निकासी हुने अनुमान गरिएको केन्द्रका प्रमुख अर्यालले बताउनुभयो । मुगु र डोल्पाको च्याङ्ग्रा पनि मुस्ताङ हुदै बजार पठाउने गर्छन्। भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको च्याङ्ग्रा जोन र स्थानीय तहका पशु सेवा शाखाहरूले मुस्ताङमा च्याङ्ग्रापालन विस्तार र प्रर्वद्धन सम्बन्धी कार्यक्रममा जोड दिएका छन् । पिपिआर रोग विरुद्धको निःशुल्क खोप लगाउने ब्यवस्था मिलाएको भेटेरीनरी अस्पतालले च्याङ्ग्राको नश्ल सुधार गर्न स्रोत केन्द्र स्थापना गर्ने, घुम्ती गोठ सुधार र घुम्ति पशु स्वास्थ्य शिविर सञ्चालन गरेको प्रमुख अर्यालले बताउनुभयो । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको च्याङ्ग्रा जोन कार्यक्रमले परम्परागत रूपमा हुदै आएको च्याङ्ग्रापालनलाई व्यवस्थित र व्यवसायिक बनाई गुणस्तरीय मासु, ऊन र पशिमना उत्पादन वृद्धि गर्ने लक्ष्यका साथ चार वर्षअघिदेखि लोमान्थाङ, लोघेकर दामोदरकुण्ड र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा विभिन्न गतिबिधी गर्दै आएको छ।

च्याङ्ग्राको पाठापाठी उत्पादनका लागि स्रोत केन्द्र स्थापना गर्नुका साथै च्याङ्ग्रालाई बन्यजन्तुको आक्रमण र हिउँद याममा चिसोबाट बचाउन खोर सुधार गर्न जोड दिइएको परियोजनाका प्रमुख नेत्र भट्टले बताउनुभयो । हिमचितुवाको आक्रमणबाट च्याङ्ग्रा मर्ने समस्या र हिउँदको समयमा आहराको ब्यवस्थापन मुस्ताङको च्याङ्ग्रापालनमा चुनौतिका रूपमा देखिएको किसान तथा कृषि प्राविधिकहरूले बताएका छन्।

# ढोरपाटनमा सुविधासम्पन्न पर्यटन सूचना केन्द्र बन्दै

**पोखरापत्र संवाददाता**
बागलुङ, १० असोज

नेपालको एकमात्र सिकार आरक्ष क्षेत्र ढोरपाटनमा पर्यटकको सहजताका लागि पर्यटन सूचना केन्द्र निर्माण गरिने भएको छ।

सूचनाको अभाव तथा भरपर्दो पर्यटकीय पूर्वाधार तथा सडकसमेत नभएका बारे गुनासोका बीच यहाँ आउने पर्यटकलाई सही सूचना प्रदान गर्ने उद्देश्यले सूचना केन्द्र निर्माण गर्न लागिएको हा । ढोरपाटनमा सिकार खेल्न विदेशी सिकारी हेलिकप्टर चाटर्ड गरेर आउने गरेका छन् भने आन्तरिक पर्यटक स्थलमार्गमार्फत यहाँ भ्रमण तथा अवलोकनमा आउने गरेका छन् । यसैलाई लक्षित गरी पर्यटन विभागले चालु आर्थिक वर्षमा सूचना केन्द्र निर्माण गर्न लागेको जनाइएको छ। ढोरपाटन नगरपालिका उप्रमुख धनबहादुर कायतले पर्यटकको सङ्ख्यामा बर्सेनि वृद्धि हुँदै गएपछि पर्यटन विभागले यहाँ पर्यटन सूचना केन्द्र निर्माण गर्न लागेको जानकारी दिनुभयो । नगरपालिकाको वडा नं ९ स्थित पाखाथरमा आकर्षक पर्यटकीय केन्द्र निर्माणका लागि ठेक्का सम्झौता गरिएको उहाँले बताउनुभयो । कायातकानुसार पहिलो चरणमा रु चार करोड लागतमा पर्यटन सूचना केन्द्र भवन निर्माणका लागि श्री डोलेश्वर महादेव निर्माण प्रालिसँग सम्झौता भएको छ । पूर्वाधार निर्माणसँगै पार्क, सङ्ग्रहालय तथा पर्यटकका लागि आवश्यक पर्ने अन्य जानकारी दिन उक्त केन्द्रले निर्माण गर्न लागिएको हो । "ढोरपाटनमा पछिल्लो समय १५ हजार आन्तरिक तथा बाह्य पर्यटक भित्रिने गरेका छन्, जसमध्ये पर्याप्त सूचना र पूर्वाधारको अभावमा पर्यटक अलमल भएको हामीले महसुस गरेका थियौँ", उपप्रमुख कायतले, "पर्यटन विभागसँग गरिएको समन्वयले यहाँ सुविधासम्पन्न पर्यटन सूचना केन्द्र निर्माण गरिने भएको छ। सूचना केन्द्रसँगै व्यवस्थित पार्क बनाइनेछ, सङ्ग्रहालयसमेत बनाइनेछ।"

चालु आर्थिक वर्षमा रु चार करोड लागतमा उक्त पर्यटकीय पूर्वाधार केन्द्र निर्माण गरिने छ । पर्यटकीय पूर्वाधारसहित सूचना केन्द्र निर्माणका लागि जग्गाको व्यवस्थापन र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) नगरपालिकाले बनाएको थियो।

यस कार्यमा सङ्घीय सांसद् देविप्रकाश भट्टचनले यहाँ भित्रिएका पर्यटकलाई धेरैभन्दा धेरै ठाउँमा पुऱ्याउन, यहाँको पहिचान, कला तथा संस्कृतिको विषयमा आवश्यक जानकारी दिन नगरपालिकाको मागअनुसार सूचना केन्द्र निर्माण योजना अगाडि बढेको बताउनुभयो। नेपालकै एक मात्र सिकार आरक्ष भएकाले महङ्गो शुल्क तिरेर नाउर र झारलको सिकार गर्न यहाँ पर्यटक आउने गरेकाले उहाँहरूको सहजताका लागि सूचना केन्द्र उपयोगी हुने उहाँले विश्वास व्यक्त गर्नुभयो।

ढोरपाटनमा आर्थिक वर्ष २०८०/८१ मा १५ हजार पाँच सय ७३ जना आन्तरिक र बाह्य पर्यटक भित्रिएका र त्यसबाट रु १९ लाख राजश्व सङ्कलन भएको आरक्ष कार्यालयका संरक्षण अधिकृतमन्दिपपङ्गेनीले जानकारी दिनुभयो । उहाँले पर्यटकलाई ढोरपाटन प्रवेशद्वार देउरालीमा केही जानकारी दिने गरिए पनि सूचना केन्द्र स्थापना भएमा थप प्रभावकारी हुने बताउनुभयो।

# तनहुँ मालपोतद्वारा ३६ करोड राजस्व सङ्कलन

**पोखरापत्र संवाददाता**
तनहुँ, १० असोज

मालपोत कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा रु ३६ करोड राजस्व सङ्कलन गरेको छ । यो आव २०७९/८० को तुलनामा रु छ करोडले बढी हो।

गत आवमा रु ३० करोड २१ लाख ४९ हजार चार सय ३२ सङ्कलन गरेको कार्यालयका लेखा अधिकृत विष्णुप्रसाद तिमिल्सिनाले जानकारी दिनुभयो । सङ्कलित रकममध्ये रु १२ करोड ८६ लाख ६७ हजार नौ सय ७४ सङ्घीय सञ्चित कोषमा, रु चार करोड ९५ लाख ७५ हजार दुई सय ८३ प्रदेश सञ्चित कोषमा दाखिला भएको छभने बाँकी रु १८ करोड १३ लाख आठ हजार नौ सय ७० मध्ये ६० प्रतिशत जिल्लाका १० स्थानीय पालिकामा र ४० प्रतिशत गण्डकी प्रदेश सरकारको खातामा दाखिला भएको छ। जग्गा वर्गीकरण लागू हुँदा जिल्लाका अधिकांश जग्गा आवासीय क्षेत्रमा वर्गीकरण गरिएका कारण राजस्व सङ्कलनमा वृद्धि भएको सो कार्यालयले जनाएको छ । कृषि जग्गाको तुलनामा आवासीय जग्गाको राजस्वदर बढी रहेकाले राजस्व वृद्धि भएको हो।

बैंक तथा वित्तीय सङ्घसंस्थाले ऋण लगानी गरी असुली गर्न नसकेपछि लिलाम गरी दाखिला खारेजी गर्दा, घरजग्गाको न्यूनतम मूल्य छाडेर धितोमा कारोबारलगायत कार्यबाट उल्लेखनीय राजस्व सङ्कलन बढ्नुको अर्को कारण हो।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः
वि.स. २००८/०२/२५

स्वर्गारोहणः
वि.स. २०८१/०५/३० गते

स्वः विष्णुमाया बास्तोला

यस श्री जनकल्याण समिति पोखरा-१३ का आजिवन सदस्य तुलसी प्रसाद बास्तोलाको श्रीमती साथै छोराहरु शिवप्रसाद बास्तोला र हेमराज बास्तोला एवम् हाम्रा शुभेच्छुक छोरीहरु पुष्पा, लक्ष्मी, तिलमाया र यमुनाका माया, ममता र स्नेहका खानी प्रातः स्मरणीय पत्नी/आमा **विष्णुमाया बास्तोला**को असामयिक निधन भएकोमा हामीहरु भावविह्ल भएका छौं । यो दुखको घडीमा दिवंगत आत्माको चिरशान्ति र बैकुण्ठबासको कामना गर्दै पत्नी वियोग र मातृ वियोगमा रहनु भएका शोकाकुल परिवारजनलाई धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गर्नेछन भन्ने कामनाको साथमा आज १३ औं दिनको पुण्य तिथिमा भावपूर्ण समवेदना व्यक्त गर्दछौं।

**श्री जनकल्याण समिति परिवार**
**पोखरा-१३, शिद्धकोस्थान**

## फेदीखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**फेदीखोला, गण्डकी, प्रदेश, नेपाल**

## बढाबढ सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हान को पुनः प्रकाशित सूचना

दोश्रो पटक सूचना प्रकाशित मिति २०८१/०६/११

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) घ (२), सोही दफाको उपदफा (२) घ (११) र दफा ६२ को उपदफा (२) (घ) अनुसार यस गाउँपालिकाबाट आ.व. २०८१/८२ को लागि निम्न शिर्षकहरुमा कर, सेवा शुल्क, दस्तुर तथा आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) गर्ने प्रयोजनको लागि यो सूचना पुनः प्रकाशित गरिएको छ। तोकिएको न्यूनतम अंकमा नघट्ने गरि तपसिलमा उल्लेखित ठेक्का नं. अनुसार छुट्टाछुट्टै दरभाउपत्र फाराम खरिद गरि रितपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्न यो १५ दिने सूचना प्रकाशित गरिएको छ। मिति २०८१/०६/२९ गतेको कार्यालय समयभित्र ईच्छुक दरभाउपत्रदाताले आवश्यक कागजात सहित निवेदन दिइ तोकिएको दरभाउपत्र दस्तुर तिरी दरभाउपत्र खरिद गर्न सक्नेछन्। मिति २०८१/०६/३० गतेको मध्यान्ह १२:०० बजेभित्र ईच्छुक दरभाउपत्रदाताले आवश्यक कागजात संलग्न राखी दरभाउपत्र दाखिला गर्न सक्नेछन्। मिति २०८१/०६/३० गतेको मध्यान्ह १३:०० बजे गाउँ कार्यपालिकाको कार्यालय, फेदिखोला स्याङ्जामा दाखिला भएका दरभाउपत्रहरु दरभाउपत्रदाता वा निजका प्रतिनिधी र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । दरभाउपत्रदाताहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। यस सम्बन्धमा तोकिएका शर्तहरु लगायत थप जानकारी प्राप्त गर्न ईच्छुक दरभाउपत्रदाताले यस कार्यालयको वेवसाइट phedikholamun.gov.np मा हेर्नुहुन वा यस कार्यालयको राजश्व उपशाखामा कार्यालय समयभित्र सम्पर्क गर्नुहुन सूचित गरिन्छ।

**तपसिल**

| क्र.सं. | सूचना नं. ०७/०८१/८२/पी.आर.एम.को ठेक्का नं. | सडकको नाम/ नाका | आ.ब. ०८१/८२ को लागी निधारित न्यूनतम कबोल अङ्क रु. (मु.अ.क.सहित) | दरभाउपत्र फाराम दस्तुर रु. | बीड बण्ड/ धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| (क) सडक उपयोग, संरक्षण तथा मर्मत सम्भार शुल्क (स्थानीय पूर्वाधार सेवा र शुल्क) उठाउने कार्य : | | | | | | |
| १ | PRM–RT–SQ–11–081–82 | कुभिण्डे मझ्खिान नुवाकोट पौवैगौंडे सडकको कुभिण्डे नाका | १,४०,०००/- | १,०००/- | दरभाउपत्र दाताले आँफुले कबोल गरेको अंकको कम्तीमा ५ प्रतिशतले हुने रकम धरौटी वापत राख्नुपर्नेछ। | |
| २ | PRM–RT–SQ–12–081–82 | फेदीखोला मिरुडाँडा कालाभैरव नुवाकोट सडकको फेदिखोला चौकी नाका | २५,०००/- | १,०००/- | | |
| ३ | PRM–RT–SQ–13–081–82 | कुभिण्डे डाँडागाउँ रामकोट कटुजेस्वाँरा सडकको कुभिण्डे नाका | २०,०००/- | १,०००/- | | |
| ४ | PRM–RT–SQ–14–081–82 | सर्केटारी दामगाडे रामकोट नुवाकोट सडकको सर्केटारी नाका | २०,०००/- | १,०००/- | | |
| ५ | PRM–RT–SQ–15–081–82 | पर्सेभाटी टोड्के सडकको पर्सेभाटी नाका | २०,०००/- | १,०००/- | | |
| ६ | PRM–RT–SQ–16–081–82 | सर्केटारी आरुखर्क गलेम पञ्चासे सडकको सर्केटारी नाका | १,७१,०००/- | १,०००/- | | |
| ७ | PRM–RT–SQ–17–081–82 | कुखुरेखोला चनौटे भाटखोला र फेदीखोला स्थानचौर चनौटे पुलको मुख सडकको फेदिखोला र कुखुरेखोला नाका | ३४,०००/- | १,०००/- | | |
| ८ | PRM–RT–SQ–18–081–82 | फेदीखोला कर्मीडाँडा मझ्खिान सडकको माथिल्लो फेदिखोला नाका | २०,०००/- | १,०००/- | | |